शारदा नगरपालिका
SHARADA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
खलंगा, सल्यान
KHALANGA, SALYAN
कर्णाली प्रदेश, नेपाल
KARNALI PROVINCE, NEPAL

सूचना नं. ८९-२०८२/०८३ प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/२७

## सेवा करारमा पदपुर्ति सम्वन्धी सूचना

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक) अन्तर्गत स्थानीय सरकार/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाई तथा स्वच्छता, खानेपानी, सिँचाइ र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्न शारदा नगरपालिका परियोजना कार्यान्वयन इकाईका लागि तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट निम्न पूर्णकालीन/अल्पकालीन पदहरूको लागि रितपूर्वक दरखास्त फारम पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरू:

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको दस्तखत सहितको),
- नागरिकता,शैक्षिक प्रमाणपत्र, तालिम सम्वन्धि प्रमाणपत्र तथा कार्यानुभव प्रमाणपत्रहरूको प्रतिलिपि,
- अपाङ्गता भएमा परिचय पत्रको प्रतिलिपि,
- विभिन्न जातिको साझा थरको हकमा जातीयता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

तपसिल:

क) आवश्यक पदहरू र न्यूनतम योग्यता:

| वि.नं | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ०८-०८२/८३ | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छैठौं तह / १ जना | नगर कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरि खानेपानी सरसफाई स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |
| ०९-०८२/८३ | सब-ईन्जिनियर | सहायक पाँचौ तह / १ जना | नगर कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त। |
| १०-०८२/८३ | असिस्टेन्ट सब-इन्जिनियर/ जलस्रोत प्राविधिक | सहायक चौथो तह/केहि | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यता प्राप्त संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खापासटे तालिम प्राप्त।<br>खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव। |

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

शारदा नगरपालिका
SHARADA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
खलंगा, सल्यान
KHALANGA, SALYAN

कर्णाली प्रदेश, नेपाल
KARNALI PROVINCE, NEPAL

| | | | | |
|---|---|---|---|---|
| ११-०८२/८३ | सामाजिक परिचालक | सहायक चौथो तह/केहि | वडा कार्यालय वा योजना क्षेत्र | एस. ई. ई./एस. एल. सी. वा सो सरह । खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास, सामाजिक परिचालन,योजना तर्जुमा आदिमा कम्तीमा २ वर्षको अनुभव। |

नोट: तह/संख्यामा केहि उल्लेख भएको पदमा बजेटको सुनिश्चिता र परियोजनाको आवश्यकताका आधारमा परिचालन गरिने छ ।

ख) अन्य विवरण:

- यो सूचना पहिलो पटक प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र आवेदन शारदा नगर कार्यपालिकाको कार्यालय, खलंगा, सल्यानमा कार्यालय समयभित्र बुझाउनुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैन।
- कर्मचारीहरू कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादनको आधारमा नवीकरणको सम्भावना सहित) नियुक्त गरिनेछ ।
- स्थानीय व्यक्तिहरू, महिला, दलित तथा पछाडि परेका जातीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रक्रियामा प्राप्त भएका आवेदनहरूलाई शारदा नगर कार्यपालिकाको कार्यालयले कुनै कारण खुलाई वा नखुलाई स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
- लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ । छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षाको तालिका नगरपालिकाको सूचना पाटी र website मा प्रकाशित गरिनेछ ।
- बिज्ञापनका प्रत्येक पदको सेवा शर्तहरु (ToR) र वैयक्तिक विवरण (CV) को ढाँचा शारदा नगरपालिकाको वेभ पेज https://shaaradamun.gov.np र लक परियोजनाको वेब साइट https://www.laccp.org.np बाट डाउनलोड गर्न सकिनेछ। तोकिएको ढाँचाबाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुर:- अधिकृतस्तरको लागि रु. १२००/-(अक्षेरुपी बाह्र सय मात्र), सहायक पाँचौ तहको लागि रु. ७००/-(अक्षेरुपी सात सय मात्र) र सहायक चौथो तहको लागि रु. ५००/-(अक्षेरुपी पाँच सय मात्र) । दरखास्त दस्तुर शारदा नगरपालिकाको राजश्व शाखामा दाखिला गरि सो को सक्कल भौचर आवेदनका साथ अनिवार्य पेश गर्नुपर्ने छ ।

......................
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकिय अधिकृत